घोराही उप–महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, घोराही दाङ,
फोहरमैला व्यवस्थापन सम्बन्धी प्रस्ताव आव्हानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७८/१०/१९गते

यस उपमहानगरपालिका क्षेत्रभित्र घरघरबाट श्रृजित हुने फोहरमैलालाई तत्काल व्यवस्थित रुपमा विसर्जन गर्न र दिर्घकालिन रुपमा उपमहानगरपालिकालाई घरघरबाटै फोहर नियन्त्रित नगरपालिकाको रुपमा पहिचान गराउन निजी सार्वजनिक साझेदारी(PPP)को आधारमा घोराही उप–महानगरपालिकाले सहकार्य मार्फत कार्य अघि बढाउने निर्णय गरे बमोजिम इच्छुक फर्म, संघ-संस्था वा कम्पनीलाई तपसिलमा उल्लेखित विषयहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अन्तिम दिन बिदा परेमा त्यसको भोलीपल्ट) कार्यालय समयमा आई पुग्ने गरी प्रस्ताव पेश गर्नु हुन इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र दर्ता नभएका र प्रचलित कानून बमोजिम प्रकृया नपुगेका प्रस्ताव उपर कुनै कारवाही अगाडी बढाईने छैन । साथै प्रकृया पूरा गरी पेश भएका प्रस्तावहरु उपर पनि पूर्णरुपमा स्वीकृत गर्ने वा नगर्ने एवं आंशिक रुपमा मात्र स्वीकृत गर्ने भन्ने पूर्णाधिकार यस उप–महानगरपालिकाको कार्यालयलाई सुरक्षित रहनेछ ।

तपसिल

१) प्रस्तावसंगै फर्म, संघ-संस्था वा कम्पनीको वैधानिकताको प्रमाणपत्रको प्रतिलिपि, संचालित व्यक्तिहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पान वा भ्याट मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, विधानको प्रतिलिपि आदी ।

२) दैनिक संकलित फोहरलाई घरघरबाट नै कुहिने र नकुहिने गरी विभाजन गर्ने र त्यसरी विभाजन गरी सके पछी,

क) कुहिनेको हकमाः तत्काल कम्पोष्ट मल बनाउन वा बायोग्यास प्लाण्टमा प्रयोग गर्न सकिने कुहिने फोहरलाई उप–महानगरपालिकाको ल्याण्डफिलसाइटमा निर्माण गरिएको बायो ग्यास प्लाण्टमा लैजाने व्यवस्था मिलाउनु पर्नेछ ।

ख) व्यवसायीक रुपमा नै बिक्रि वितरण गर्न सकिने कागज, गत्ता कपडा लगायतका वस्तुहरु वर्गिकरण गरि ती वस्तुहरु राख्ने तरिका सिकाई घरघरबाट नै खरीद गरि संकलन गर्नु पर्नेछ।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

ग) नकुहिनेको हकमा: तत्काल पून:प्रयोगमा आउने खालका सामानहरु विक्रि वितरण गर्न सक्ने र दिर्घकालिन रुपमा घरमै छुट्टाएको नकुहिने फोहर सम्वन्धित घरबाट खरिद गरी संकलन गर्ने र त्यसलाई एकमुष्ट रुपमा विक्रि वितरण गरी व्यवसायिक रुपमै आम्दानी गर्न सक्ने खालको कुरा उल्लेख भएको हुनु पर्नेछ।

घ) यसरी विभाजन गरी प्रयोग हुने कुहिने र नकुहिने छुट्टाईसके पछि पनि कतै प्रयोग नहुने केही बांकी फोहरलाई घोराही उपमहानगरपालिकाको ल्याण्डफिल्ड साईटमा वातावरण नखलवलिनेगरी व्यवस्थापन गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्नेछ ।

३) उपमहानगरपालिका क्षेत्रभित्रवाट कुहिने फोहर तथा समुदायवाट विक्री नभई कतै प्रयोग नहुने खालका फोहोर वस्तुहरु संकलनकालागि हाल नगरपालिकाले फोहर व्यवस्थापन गर्न प्रयोग गर्दै आएको विधि अनुसार नै हुने कुरा उल्लेख भएको हुनु पर्नेछ ।

४) समुदायबाट खरीद गरि संकलन गर्ने बिक्रिजन्य फोहर वस्तुहरुको संकलन, ढुवानी र संकलन केन्द्रको व्यवस्थापनका लागि आवश्यक पर्ने जनशक्ति तथा सवारी साधन र स्थानको व्यवस्था प्रस्तावकले नै व्यवस्थापन गर्नु पर्नेछ ।

५) प्रस्ताव कार्यान्वयनको सिमा अवधी ५ (पाँच) वर्षको हुनेछ । त्यसपछि पनि उपमहानगरपालिकालाई उपयुक्त लागेमा आवधिक रुपमा म्याद थप गर्दै जान सक्ने खालको हुनु पर्नेछ ।

६) फोहोरका रुपमा फालिने वस्तुहरु खरीद गरि लिने नीति अवलम्वन गर्दा यस घोराही उपमहानगरपालिका भित्र नेपाल सरकारका निकायहरुमा विधिवत दर्ता भै उपमहानगरपालिकालाई नियमानुसार व्यवसायकर वुझाई कवाड जन्य वस्तुहरुको व्यापार व्यवशाय गरिरहेका व्यवसायिहरुलाई समेत कार्यक्रमको परिधिभित्र समेट्ने र अनधिकृत रुपमा व्यवशाय सञ्चालन गरेका व्यक्तिहरुको व्यवशाय निरुत्साही बनाउने कार्य उप–महानगरपालिका र प्रस्तावक संस्थाको हुने भन्ने कुरा प्रस्तावमा उल्लेख गरिएको हुनु पर्नेछ ।

७) फोहोरका रुपमा फालिने वस्तुहरु खरीद गरि संकलन गर्ने उल्लेखित नीति बमोजिमका प्रावधानहरुका अतिरिक्त समाजमा थप रोजगार सृजना गर्न सक्ने, व्यवसायिकता हासिल गर्न सक्ने, स्थानीय र वातावरण क्षेत्रमा विशेष कार्य अनुभव भएका प्रास्तावकलाई विषेश प्राथमिकता दिन सकिनेछ ।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

८) फोहर व्यवस्थापन सन्दर्भमा कुनै समस्या वा विवाद उत्पन्न भएमा प्रस्तावक र घोराही उप–महानगरपालिका छुट्टाछुट्टै वा संयूक्त रुपमा मिलेर समस्याको समाधन तर्फ पहल गर्न सकिने खालको कुरा उल्लेख भएको हुनु पर्नेछ ।

९) घोराही उप–महाननगरपालिकाले तोकेको निकासी कर वाहेक विक्री योग्य फोहर संकलन गरि विक्री गरे वापत हुने मुनाफाको निश्चित प्रतिशत रकम वा निश्चित कवोल अङ्क रकम घोराही उप–महानगरपालिकामा दाखिला गर्ने प्रस्ताव समेत उल्लेख गरेको हुनु पर्नेछ ।

१०) स्वीकृत प्रस्तावकसंग सम्झौता गरेपछि सम्झौतामा उल्लेखित भएको कुरा सोही अनुसार र सम्झौतामा उल्लेख नभएका कुरा प्रचलित ऐन कानून अनुसार हुने कुरा उल्लेख भएको हुनु पर्नेछ ।

११) सम्झौतामा उल्लेख भएका कुराहरु घोराही उपमहानगरपालिकाबाट जारी भएको फोहोरमैला व्यवस्थापन कार्यविधि २०७४ संग बाझिएका कुराहरुमा कार्यविधि अनुसार हुनेछ ।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत